# थिम स्कूलको ब्रोशर

## ग्रेडहरू: प्रि-किन्डर्गार्टेन देखि ग्रेड आठसम्म

**SY 2021 - 2022 खुला भर्ना कार्यक्रम**

जनवरी 07, 2021 - फेब्रुअरी 05, 2021

**अनलाइन आवेदन दिनुहोस्:**

http://www.yourchoicedekalb.org

**विद्यालय रोजाइ कार्यक्रमको बारेमा जानकारी:**

http://www.dekalbschoolsga.org/school-choice

विद्यालय रोजाइको खुला भर्ना कार्यक्रम

सहायता पाउने स्थान:

1192 Clarendon Avenue,

Avondale Estates, GA 30002

जनवरी 07, 2021 - फेब्रुअरी 05, 2021

*बिहान 9:00 बजेदेखि साँझ 4:00 बजेसम्म।*

***महामारीका मापदण्डहरूका आधारमा प्रत्यक्ष उपस्थितिमा दिइने सहायताको मिति परिवर्तन हुन सक्छ।*

~~~~~~~~~~~~~~~~~~~~~~~~

*विद्यालय रोजाइमा ढिलो भर्ना*









### प्राथमिक विद्यालयहरू

- Edward L. Bouie, Sr.
- Marbut
- Narvie J. Harris
- Oakcliff
- Robert Shaw
- Wynbrooke

### माध्यामिक विद्यालय

- The Champion School

**चिट्ठाका नतिजाहरूको प्रकाशन: मार्च 26, 2021 @ बेलुका 5:00 बजे**
~~~~~~~~~~~~~~~~~~~~~~~~

# थिम स्कूलहरू (theme schools) को बारेमा जानकारी

| थिम स्कूल (Theme School) | ठेगाना | विद्यालय समय | भ्रमण मिति र समय | थिम फिडर स्कूल (Theme Feeder School) |
|---|---|---|---|---|
| Edward L. Bouie Sr. Elementary School<br>ग्रेडहरू: प्रिकिन्डरगार्टन - 5 | 5100 Rock Springs Road<br>Lithonia, GA 30038<br>(678) 676-8202 | बिहान 7:45 बजेदेखि<br>दिउँसो 2:15 बजेसम्म | भर्चुअल भ्रमण घोषणा हुन बाँकी अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस् | Browns Mill ES<br>Fairington ES<br>Flat Rock ES<br>Murphey Candler ES |
| Narvie J. Harris Elementary School<br>ग्रेडहरू: प्रिकिन्डरगार्टन - 5 | 3981 McGill Drive<br>Decatur, GA 30034<br>(678) 676-9202 | बिहान 7:50 पूर्वाह्न बजेदेखि<br>दिउँसो 2:15 बजेसम्म | भर्चुअल भ्रमण घोषणा हुन बाँकी अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस् | Chapel Hill ES<br>Cedar Grove ES<br>Oak View ES |
| Marbut Elementary School<br>ग्रेडहरू: प्रिकिन्डरगार्टन - 5 | 5776 Marbut Road<br>Lithonia, GA 30058<br>(678) 676-8802 | बिहान 7:30 पूर्वाह्न बजेदेखि<br>दिउँसो 2:05 पूर्वाह्न बजेसम्म | भर्चुअल भ्रमण घोषणा हुन बाँकी अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस् | Panola Way ES<br>Stoneview ES<br>Woodridge ES |
| Oakcliff Elementary School<br>ग्रेडहरू: प्रिकिन्डरगार्टन - 5 | 3150 Willow Oak Way<br>Doraville, GA 30340<br>(678) 676-3102 | बिहान 7:45 बजेदेखि<br>दिउँसो 2:15 बजेसम्म | भर्चुअल भ्रमण घोषणा हुन बाँकी अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस् | Cary Reynolds ES<br>Doraville United ES<br>Hightower ES |
| Robert Shaw Elementary School<br>ग्रेडहरू: प्रिकिन्डरगार्टन - 5 | 385 Glendale Road<br>Scottdale, GA 30079<br>(678) 576-6002 | बिहान 7:45 बजेदेखि<br>दिउँसो 2:15 बजेसम्म | भर्चुअल भ्रमण घोषणा हुन बाँकी अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस् | Allgood ES<br>Dunaire ES<br>Indian Creek ES<br>Jolly ES<br>Rowland ES |
| Wynbrooke Elementary School<br>ग्रेडहरू: प्रिकिन्डरगार्टन - 5 | 440 Wicksbury Way<br>Stone Mountain, GA 30087<br>(678) 676-5002 | बिहान 7:45 बजेदेखि<br>दिउँसो 2:15 बजेसम्म | भर्चुअल भ्रमण घोषणा हुन बाँकी अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस् | Pine Ridge ES<br>Princeton ES<br>Rock Chapel ES<br>Shadow Rock ES |
| Champion Middle School<br>ग्रेडहरू: 6 - 8 | 5265 Mimosa Drive<br>Stone Mountain. GA 30087<br>(678) 875-1502 | बिहान 8:50 पूर्वाह्न बजेदेखि<br>दिउँसो 3:50 पूर्वाह्न बजेसम्म | भर्चुअल भ्रमण घोषणा हुन बाँकी अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस् | DeKalb का सबै माध्यामिक विद्यालयहरू |

**परम्परागत थिम स्कूलको इतिहास**

DeKalb County School District को परम्परागत थिम स्कूल कार्यक्रम 1996 मा सुरु भयो र यसले अभिभावक तथा विद्यार्थीहरूलाई पहिलाको शैक्षिक प्रदर्शनले सीमित नगर्ने शैक्षिक विकल्प प्रदान गर्छ। यो कार्यक्रम उच्च अपेक्षाहरू, अभिभावकको संलग्नता र चुनौतीपुर्ण शिक्षा अनुभवहरू हासिल गर्ने इच्छामा आधारित छ। DeKalb County School District मा DeKalb County, Georgia का विभिन्न क्षेत्रहरूमा अवस्थित Edward L. Bouie, Sr., Marbut, Narvie J. Harris, Oakcliff, Robert Shaw, Wynbrooke Traditional Theme Elementary Schools र Champion Traditional Theme Middle School सहितका सात परम्परागत थिम स्कूलहरू छन्।

**परम्परागत थिम स्कूलका अंगहरू**

परम्परागत थिम स्कूल समुदाय भित्रको एउटा विद्यालय हो जसले विद्यार्थी तथा अभिभावकहरूको आवश्यकताहरू पूरा गर्न तयार गरिएका विशेष विशेषताहरू भएको कारणले टोलका विद्यालयहरूबाट प्राथमिक तहका विद्यार्थी वा स्कूल डिस्ट्रिक्टभरि बाट माध्यामिक तहका सबै विद्यार्थीहरूलाई आकर्षित गर्छ। परम्परागत थिम स्कूल विद्यार्थीहरूलाई उच्च रूपमा संरचित सेटिङमा विस्तृत, बहुविषयक शैक्षिक कार्यक्रम प्रदान गर्न तयार गरिएको हो। विद्यार्थीहरू चुनौतीपुर्ण कार्यक्रमका सक्रिय सहभागीहरू हुन् जसमा घरका अध्ययन परियोजनाहरू र विद्यार्थीलाई विश्व भाषासँग परिचित गराउने कुरा हुन्छ। बहुविषयक पाठ्यक्रमको शिक्षण अवधारणाले समस्या समाधान गर्ने र गहन सोचको क्षमता आवश्यक पर्ने खोजमा आधारित थप असाइनमेन्ट तथा व्यावहारिक परियोजनाहरूको नतिजा निकाल्छ। अभिभावकहरूले शिक्षण कार्यक्रमलाई सुदृढ बनाउने र विद्यालयमा सहायता उपलब्ध गराउने काम गर्ने भएकोले उहाँहरू कार्यक्रमको महत्त्वपूर्ण अंश हुनुहुन्छ।

**परम्परागत प्राथमिक थिम स्कूलका लागि फिडर विद्यालय**

परम्परागत प्राथमिक थिम स्कूलले ठाउँको कमी भएका विद्यालयका विद्यार्थीहरू प्राप्त गर्छन्। कुनै निश्चित क्षेत्रको समुदायमा रहेको सबैभन्दा धेरै राहत आवश्यक पर्ने प्राथमिक विद्यालयले प्राथमिक थिम स्कूलको फिडर स्कूलको रूपमा सेवा प्रदान गर्ने छन्। फिडर स्कूलको भर्ना घट्यो भने, उक्त फिडर स्कूलले फिडर साइटको रूपमा सेवा प्रदान गर्न नपाउन सक्छ। यो निर्धारण वार्षिक रूपमा गरिन्छ। Theme Middle School ले DeKalb County School District भरबाट विद्यालयहरू प्राप्त गर्छ।

**परम्परागत थिम स्कूलका विशेषताहरू**

- अभिभावकीय सहभागिता जरुरी हुने
- मुख्य विषयहरूमा महत्त्व
- उच्च शैक्षिक मापदण्ड तथा अपेक्षाहरू
- विश्व भाषाको शिक्षा
- कडा आचर-संहिता
- पोशाक/कडा ड्रेस कोड जरुरी हुने
- गहन सोच र समस्या समाधान गर्ने कुरामा महत्त्व
- स्वचालित पठन कार्यक्रम (प्राथमिक विद्यालयहरू)
- समरमा पठन तथा गणितका क्रियाकलापहरू जरुरी हुने
- चुनौतीपुर्ण दैनिक गृहकार्य जरुरी हुने
- ट्युटोरियल कार्यक्रमहरू
- क्रियाकलापमा आधारित निर्देशन
- एजेन्डा प्लानर
- बहुविषयक शिक्षण

**परम्परागत थिम स्कूलसम्बन्धी निर्देशिका**

- अभिभावक तथा विद्यार्थीहरूबाट एक वर्षको भर्ना प्रतिबद्धता अपेक्षा गरिन्छ
- नाम स्वीकृत भएपछि, भर्ना पक्का गर्न विद्यालयको पहिलो दिन विद्यार्थी विद्यालयमा अनिवार्य रूपमा उपस्थिति हुनुपर्छ।
- अभिभावकहरूले थिम स्कूलमा भर्ना गरिएका विद्यार्थीहरूको लागि अभिभावकीय सहभागिताको सेवा समय पूरा गर्नुपर्छ। सहोदर दाजुभाइ दिदीबहिनीहरू Theme Elementary School र Theme Middle School मा एकैपटकमा भर्ना भएका छन् भने, अभिभावकले अभिभावकीय सहभागिता सेवा समयको लागि क्रेडिट प्राप्त गर्न प्रत्येक विद्यालयमा अभिभावकीय सहभागिता सेवाको 50% समय पूरा गर्नुपर्छ।
- विद्यार्थीले आफू भर्ना भएको थिम स्कूलको लागि अनिवार्य रूपमा एउटा निश्चित पहिरन लगाउनु पर्दछ।
- अभिभावक संलग्नता सेवाको समय र विद्यार्थी उपस्थिति पूरा गर्ने कुरा सहितका थिम स्कूलका नियमहरू तथा आवश्यकताहरू पालना गरेको खण्डमा विद्यालयमा निरन्तर रूपमा भर्ना हुन सकिन्छ।
- आफ्नो क्षमताले भ्याएसम्म विद्यालयका सबै असाइनमेन्टहरू पूरा गर्ने
- विद्यालयमा नियमित रूपमा र समयमै उपस्थित हुने। विद्यालयबाट समय नभइ धेरै पटक बाहिर ननिस्कने
- विद्यालय दिनको समाप्ति वा विद्यालय स्वीकृत क्रियाकलापको सहभागिता पछि तुरुन्तै विद्यालयबाट निस्कने।
- विद्यालयका लागि उपयुक्त हुने तरिकाले व्यवहार प्रस्तुत गर्ने
- हाल Theme School Program मा भर्ना भएका र राम्रो आधारमा बनाएका विद्यार्थीले उक्त थिम स्कूलको सहभागितालाई निरन्तरता दिन सक्छन्।
- निर्धारित रजिस्ट्रेसन मिति भित्र थिम स्कूलको भर्ना अस्वीकार गरियो वा पूरा गरिएन भने विद्यार्थीले अनिवार्य रूपमा अर्को खुला भर्ना अवधिका दौडान थिम स्कूलका लागि पुन: आवेदन दिनु पर्दछ।

**यी निर्देशिकाहरूको पालना गर्दासम्म भर्ना भएका विद्यार्थीहरूले सफल विद्यालय अनुभवको मजा लिने छन्। यी शर्तहरू पूरा नगरेको अवस्थामा, विद्यार्थीले आफ्नो घरको उपस्थिति क्षेत्रको विद्यालयमा उपस्थित हुनु जरुरी हुनेछ।**

**छनौट प्रक्रियाको बारेमा संक्षिप्त विवरण**

परम्परागत थिम स्कूलका आवेदकहरूलाई स्वचालित छनौट प्रक्रिया मार्फत चयन गरिनेछ। यदि उपलब्ध सिटभन्दा धेरै आवेदकहरू हुनुहुन्छ भने, चयन नगरिएका विद्यार्थीहरूलाई प्रतिक्षा सूचीमा राखिनेछ। उपलब्ध सिटभन्दा कम आवेदकहरू हुनुहुन्छ भने, DeKalb County School District ले सबै योग्य आवेदकहरूलाई थिम स्कूलमा भर्ना गर्नेछ। यो अवस्थामा, म्यादपछि पेश गरिएका आवेदनहरू प्रक्रियामा लगेर विचार गरिनेछ। छनौट तथा प्रतिक्षा सूचीमा राखिएका आवेदकहरूले स्वचालित छनौट प्रक्रिया पूरा भएपछि सूचना प्राप्त गर्नुहुनेछ।

**थिम स्कूलमा आवेदन दिने योग्यता**

- प्रि-किन्डरगार्टेन देखि पाँचौं ग्रेडसम्म भर्ना हुने र निर्धारित Theme Feeder Elementary School को उपस्थिति क्षेत्रहरूमा बसोबास गर्ने DeKalb का, हालका, निजी तथा गृह विद्यालयका सबै विद्यार्थीहरू चिट्ठा कार्यक्रममा सहभागी हुन र परम्परागत थिम स्कूल भएको निश्चित प्राथमिक विद्यालयमा भर्नाको आवेदन दिन योग्य हुन्छन्। तिनीहरूले अनिवार्य रूपमा आवेदन बुझाउने अन्तिम मितिमा वा पहिल्यै विद्यालय रोजाइको अनलाइन आवेदन पूरा र पेश गरेको हुनु पर्दछ।

- ग्रेड 6, 7 र 8 मा भर्ना हुने र DeKalb County School District मा बसोबास गर्ने DeKalb का, हालका, निजी तथा गृह विद्यालयका सबै विद्यार्थीहरूले परम्परागत Theme Middle School मा भर्नाको आवेदन दिन सक्छन्। तिनीहरूले अनिवार्य रूपमा आवेदन बुझाउने अन्तिम मितिमा वा पहिल्यै विद्यालय रोजाइको अनलाइन आवेदन पूरा र पेश गरेको हुनु पर्दछ।

- अभिभावकले खुला भर्ना सत्रका दौडान विद्यार्थीहरूको थिम स्कूलको आवेदन पूरा गर्नुहुन्छ र विद्यार्थी निर्दिष्ट गरिएको थिम स्कूलमा भर्ना हुन योग्य छन् भने थिम स्कूलमा भर्ना भएका विद्यार्थीको दाजुभाइ दिदीबहिनी छनौट प्रक्रियामा सहभागी हुन योग्य हुने छन्।

- कुनै विद्यालय पछि गएर फिडर विद्यालयको रूपमा रहेन भने, यो फिडर स्कूलका नयाँ विद्यार्थीहरूलाई भर्ना गरिने छैन; यद्यपि फर्किने विद्यार्थीहरूको दाजुभाइ दिदीबहिनीले निर्दिष्ट गरिएको थिम स्कूलमा भर्नाको आवेदन दिन सक्नुहुन्छ।

**विद्यालय समय तथा विद्यालय वर्ष**

परम्परागत थिम स्कूलहरूको सञ्चालन समय तथा विद्यालय पात्रो सामान्यतया विद्यालय प्रणाली जस्तै हुन्छ। वैकल्पिक विस्तारित दिवा कार्यक्रम, क्रियाकलाप र ट्युटोरियलहरू उपलब्ध हुनसक्छ।

**यातायात**

DeKalb County को अन्तिम यातायात नीति पालना गरिनेछ। कृपया अभिभावकहरूले ध्यान दिनुहोस् कि प्राथमिक थिम स्कूलका विद्यार्थीहरूका लागि हालको व्यवस्था अनुसार कै यातायात सेवा उपलब्ध गराइनेछ। प्राथमिक थिम स्कूलका विद्यार्थीहरूले टोलदेखि निर्धारित थिम स्कूलसम्मको यातायात सेवा प्राप्त गर्ने छन्। Champion Theme Middle School को यातायात सेवा हालको व्यवस्था अनुसार नै प्रदान गरिनेछ। **वर्तमान** विद्यालय वर्षका दौडान, Champion Theme Middle School मा आउन जानका लागि माध्यामिक विद्यालयका विद्यार्थीहरू निश्चित स्याटलाइट पिकअप स्थानहरूमा हाजिर हुने छन्।

**थिम स्कूलका विद्यार्थीहरूका दाजुभाइ दिदीबहिनी**

अभिभावकले भर्नाका लागि आवेदन दिनु भयो र सिटहरू उपलब्ध भएको खण्डमा हाल प्रि-किन्डरगार्टेन, ग्रेड 4, 6 र 7 का विद्यार्थीहरूका दाजुभाइ दिदीबहिनीहरूलाई सोही विद्यालयको भर्ना प्रदान गर्न सकिन्छ। दाजुभाइ दिदीबहिनीलाई भर्ना गर्ने ठाउँ भएन भने चिट्ठाका दौडान जो पहिला छनौट हुन्छन् त्यही क्रम अनुसार प्रत्येक दाजुभाइ दिदीबहिनीलाई प्रतिक्षा सूचीमा राखिनेछ। कृपया याद गर्नुहोस् कि प्रि-किन्डरगार्टेनका आवेदकहरू वा हाल ग्रेड 5 र 8 मा भर्ना भएका दाजुभाइ दिदीबहिनीका आवेदकहरू, वा ढिलो गरी आवेदन बुझाउने आवेदकहरूका लागि यो व्यवस्था लागू हुँदैन।

दाजुभाइ दिदीबहिनीबाट एकजना चयन गरिएको छ र सिट उपलब्ध छ भने एउटै जन्म मिति भएको र एउटै विद्यालय र ग्रेड स्तरमा आवेदन आवेदन दिने अर्को दाजुभाइ दिदीबहिनीलाई आमाबुवा/अभिभावकको छनौटमा समकालिक भर्नाको लागि विचार गरिनेछ। आवेदनमा "वर्तमान रूपमा थिम स्कूलमा आवेदन दिइरहेका दाजुभाइ दिदीबहिनीको बारेमा" सङ्केत गर्नु र प्रत्येक दाजुभाइ दिदीबहिनीको बारेमा अनुरोध गरिएको जानकारी पूरा गर्नु आमाबाबु/अभिभावकको जिम्मेवारी हो।

**आवेदनमा दाजुभाइ दिदीबहिनी कुनै पनि प्रकारको स्थितिहरू सङ्केत गर्न असफल हुनाले भर्नाको लागि आवेदन दिने कुनै पनि प्रकारका दाजुभाइ दिदीबहिनीका लागि यो प्रावधान हट्नेछ। दाजुभाइ दिदीबहिनीलाई भर्नामा आवेदन दिने एकल विद्यार्थीको रूपमा चिट्ठामा राखिनेछ। दाजुभाइ दिदीबहिनीको प्राथमिकता प्राप्त गर्नको लागि, एउटै अभिभावकले एउटै अभिभावक खाताबाट सबै दाजुभाइ दिदीबहिनीको लागि छुट्टाछुट्टै आवेदनहरू पूरा गर्नुपर्छ।**

यो प्रावधानको प्रयोजनका लागि "दाजुभाइ दिदीबहिनी" ले परिवारको त्यो सदस्यलाई जनाउँछ जो कानूनी अभिभावकको नाम दिइएका आमाबाबु बसेकै घरमा बस्छन्। कानूनी कागजात उपलब्ध गराइएको हुनुपर्छ।

**पूर्णकालीन कर्मचारीका बच्चाहरू**
निम्न प्रावधानहरू यस्ता बच्चाहरू लागू हुन्छ जसको संरक्षक अभिभावक वा कानुनी अभिभावक डिस्ट्रिक्टको पूर्णकालीन कर्मचारीको रूपमा काम गर्छन् । यी प्रावधानहरू प्रि-किन्डरगार्टेन कार्यक्रमहरूमा लागू हुँदैनन् ।

थिम स्कूल र म्याग्नेट कार्यक्रमहरूका सम्बन्धमा तल दिइएको अनुच्छेद 3 र 4 को हकमा, कुनै बच्चाका संरक्षक अभिभावक वा कानुनी अभिभावक डिस्ट्रिक्टका पूर्णकालीन कर्मचारी हुन् भने ती बच्चालाई आमाबाबु वा कानुनी अभिभावकले काम गरेकै विद्यालयमा; वा बच्चासँग Individualized Education Program ("IEP") छ भने, बच्चाको IEP कार्यान्वियन गर्न सक्ने डिस्ट्रिक्ट स्कूलमा उपस्थित हुन अनुमति दिइनेछ । बच्चालाई भर्ना गर्नु अगाडि Office of Student Assignment लाई सूचित गराउनुपर्छ । डिस्ट्रिक्टद्वारा यातायात उपलब्ध गराइने छैन, कर्मचारी र बच्चा अर्को स्कूल डिस्ट्रिक्टमा बसोबास गर्ने भए पनि शिक्षणको भुक्तानी आवश्यक हुने छैन । यो विकल्प विद्यालयमा आधारित कर्मचारीहरूको लागि मात्र उपलब्ध हुन्छ ।

थिम स्कूल र म्याग्नेट कार्यक्रमहरूका सम्बन्धमा तल दिइएको अनुच्छेद 3 र 4 को हकमा, कुनै बच्चाका संरक्षक अभिभावक वा कानुनी अभिभावक डिस्ट्रिक्टका पूर्णकालीन कर्मचारी हुन् भने ती बच्चालाई आमाबाबु वा कानुनी अभिभावकले काम गरेको विद्यालयको ठाँडो फिडर प्याटर्न भित्र पर्ने विद्यालयमा; वा बच्चासँग IEP छ भने, बच्चाको IEP कार्यान्वियन गर्न सक्ने डिस्ट्रिक्ट स्कूलमा उपस्थित हुन अनुमति दिइनेछ । केन्द्रीय कार्यालयका कर्मचारीहरू कर्मचारीको काम गर्ने साइटको ठाँडो फिडर प्याटर्नमा पर्ने फिडर प्याटर्न विद्यालयमा उपस्थित हुन सक्छन् । यो उप-अनुच्छेदमा वर्णन गरिएको अवसर उपयोग गर्न चाहने कर्मचारीले सुपरिन्टेन्डेन्टले जारी र प्रकाशन गरेको समयसूची अनुसार Office of Student Assignment लाई सूचित गर्ने छन् । उक्त समयसूचीमा डिस्ट्रिक्ट र प्रत्येक विद्यालयका योजनासम्बन्धी आवश्यकताहरू उपयुक्त तरिकाले समावेश गरिएको हुनेछ; त्यस्तो समयसूचीले नयाँ कर्मचारीलाई अटाउनेछ र ती कर्मचारीले आफू भर्ना भएको मितिबाट त्यस्तो समयसूचीलाई पालना गर्ने छन्, र विद्यालय वर्ष 2021-22 मा हालका सबै योग्य कर्मचारीहरूलाई अटाउनका निम्ति, कार्यान्वयनको पहिलो वर्ष, त्यस्तो समयसूची यो नीति सकिने मितिले आवश्यक हुने हदसम्म समायोजन गरिनेछ । डिस्ट्रिक्टद्वारा यातायात उपलब्ध गराइने छैन । कर्मचारी र बच्चा अर्को स्कूल डिस्ट्रिक्टमा बस्ने भए पनि ट्युसनको भुक्तानी आवश्यक हुने छैन । यो प्रावधान अन्तर्गत फिडर प्याटर्न विद्यालयमा उपस्थित हुने अनुमति पाएका विद्यार्थीहरूले भर्ना भइरहने अनुमति पाउनका निम्ति विद्यालय र डिस्ट्रिक्टले स्वीकृत गरेको व्यवहार, उपस्थिति र समयबद्धताका मापदण्डहरूको पालना गर्नुपर्छ ।

यो प्रावधान अन्तर्गत थिम स्कूलमा उपस्थित हुन खोज्ने बालबालिकाले चिट्ठा कार्यक्रममा प्रवेश गर्नुपर्छ र उक्त विद्यालयमा लागू हुने भर्नाका सबै प्रक्रियाहरू पालना गर्नु पर्दछ । डिस्ट्रिक्टद्वारा यातायात उपलब्ध गराइनेछैन । कर्मचारी र बच्चा अर्को स्कूल डिस्ट्रिक्टमा बस्ने भए पनि ट्युसनको भुक्तानी आवश्यक हुने छैन ।

**थिम स्कूलको आवेदन प्रक्रिया**
आफ्नो व्यक्तिगत कम्प्युटर, स्थानीय पुस्तकालयको कम्प्युटर प्रयोग गरेर **http://yourchoicedekalb.org** मा गएर अनलाइन आवेदन दिनुहोस् वा **विद्यालय रोजाइ कार्यक्रमको कार्यालयमा गएर अनलाइन आवेदन दिनुहोस् ।**

आवेदन पूरा गर्नका निम्ति अन्तिम मिति भित्र **आवेदनको साथमा** सबै कागजातहरूको प्रतिलिपि (बसोबासको प्रमाण, जन्मदर्ता प्रमाणपत्र, रिपोर्ट कार्ड आदि) पेस गर्नु/अपलोड गर्नु आमाबाबु/अभिभावकको जिम्मेवारी हो । सबै सहायक कागजातलाई अन्तिम मितिसम्म विद्यालय रोजाइको कार्यालयमा पेश नगर्दासम्म तपाईंको आवेदन पूरा भएको **मानिँदैन** । **पेश गरिएका सबै कागजातहरू DeKalb County School District को स्वामित्वमा रहन्छ ।**

DeKalb County School District मा भर्ना नभएका आवेदकहरूले बसोबासको प्रमाण (हालको ग्याँस, विद्युत, पानीका बिल, आमाबुवा वा कानूनी अभिभावकको नाममा रहेको मोर्टगेज विवरण वा लिज सम्झौताहरू) उपलब्ध गराउनुपर्छ । **टेलिफोन बिल, बैंक विवरण, केबल बिलहरू, इत्यादिलाई बसोबासको प्रमाणको रूपमा स्वीकार गरिने छैन ।**

DeKalb County School District मा भर्ना नभएका र प्रि-किन्डरगार्टेन देखि पहिलो ग्रेडसम्म आवेदन दिने सबै आवेदकहरूले आवेदन प्रक्रियालाई पूरा गर्नको लागि जन्मदर्ताको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनुपर्छ ।

DeKalb County School District मा भर्ना नभएका र हाल ग्रेड 1-7 मा हुने आवेदकहरूले आवेदन प्रक्रिया पूरा गर्नको लागि रिपोर्ट कार्डको अन्तिम प्रतिलिपि उपलब्ध गराउनुपर्छ ।

**स्वचालित चिट्ठा/छनौट प्रक्रिया**

आवेदनको सङ्ख्या थिम स्कूलको कुनै पनि वा सबै ग्रेड तहको फिडर स्कूलको खाली सिटको अनुमानित सङ्ख्या भन्दा बढी भएमा थिम स्कूलका आवेदकहरूलाई DeKalb County School District को Administrative and Instructional Complex **मा सञ्चालन हुने स्वचालित छनौट प्रक्रियाद्वारा चयन गरिनेछ ।** भर्नाको लागि चयन नगरिएका आवेदकहरूलाई सबै आवेदकहरूलाई भर्ना नगराउँदासम्म प्रतिक्षा सूचीको लागि चयन गरिनेछ । **स्वचालित छनौट प्रक्रियाको कार्यक्रममा खराबीहरू भएमा, स्वचालित छनौट प्रक्रिया पुन: गरिनेछ र नयाँ छनौट प्रक्रिया सञ्चालन गर्दा प्रारम्भिक छनौट वा प्रतिक्षासूचीको संख्या परिवर्तन हुन सक्नेछ ।**

**सिटहरूको वितरण**

**प्राथमिक थिम स्कूल (Elementary Theme Schools)**
प्रत्येक विद्यालय वर्ष चिट्ठा कार्यक्रम सञ्चालन हुनु अगाडि प्रत्येक थिम स्कूल, प्रत्येक ग्रेड स्तर अनुसार सिटहरूको कुल सङ्ख्या निर्धारण गरिन्छ।

JBCC बोर्ड नीतिका आधारमा, विद्यालयमा आधारित पूर्णकालिन कर्मचारीहरूका किन्डरगार्टेन देखि ग्रेड 5 सम्मका बच्चाहरूलाई सिट उपलब्ध हुँदा भर्ना गरिनेछ। कर्मचारीका सबै बच्चाहरूका लागि सिटहरू उपलब्ध नभएको खण्डमा आवेदकहरूलाई प्रतिक्षा सूचीमा राखिनेछ।

स्थानसम्बन्धी बाधा वा उच्चतम भर्नाका कारण सबैभन्दा धेरै राहत चाहिने विद्यालयहरूको आधारमा प्रत्येक Elementary Theme School मा उपलब्ध भएको सिटको सङ्ख्या फिडर विद्यालयहरूमा वितरण गरिनेछ। विद्यार्थीहरूलाई चिट्ठाको छनौट प्रक्रियाका दौडान थिमका कर्मचारी, दाजुभाइ दिदीबहिनी र साधारण गरेर तीनवटा समूहहरूमा राखिनेछ। स्थान नियुक्ति प्राप्त नगर्ने आवेदकहरूलाई चिट्ठा छनौट प्रक्रियाका दौडान जुन क्रममा छनौट भएको त्यही क्रममा प्रतिक्षा सूचीमा राखिनेछ। छनौटसम्बन्धी यो निर्देशिकाहरू प्रि-किन्डरगार्टन कार्यक्रममा लागू हुँदैन।

**माध्यामिक थिम स्कूल (Middle Theme School)**
प्रत्येक विद्यालय वर्ष सिटहरूको कूल सङ्ख्या चिट्ठा गराउनु पूर्व निर्धारण गरिन्छ।

बोर्ड नीति JBCC मा आधारित भइ, सिटहरू उपलब्ध हुँदा पूर्णकालिन विद्यालयमा आधारित कर्मचारीहरूका 6 देखि 8 ग्रेडसम्मका बालबालिकाहरूलाई राखिनेछ। कर्मचारीका सबै बच्चाहरूका लागि सिटहरू उपलब्ध नभएको खण्डमा आवेदकहरूलाई प्रतिक्षा सूचीमा राखिनेछ।

प्रत्येक Elementary Theme School को जनसङ्ख्यालाई Theme Middle School को छैठौं ग्रेडको कूल जनसङ्ख्याको 50% बनाउन उपलब्ध छैठौं ग्रेड सिटहरूको समान प्रतिशतमा भाग लगाइनेछ। साधारण समूहका छैठौं ग्रेडका आवेदकहरूले आफ्नो घरको माध्यामिक विद्यालयको उपस्थिति क्षेत्रबाट उपलब्ध भएको आधा सिटहरूको अन्य सङ्ख्या भर्ने छन्। थिम समूहका सातौं र आठौं ग्रेडका आवेदकहरूलाई आफ्नो घरको माध्यामिक विद्यालयको उपस्थिति क्षेत्रबाट उपलब्ध भएको आधा सिटहरूको सङ्ख्या भर्ने विकल्पलाई अनुमति दिन 50%-50% बाँडफाँड उपयोग गरिन्छ। साधारण समूहका सातौं र आठौं ग्रेडका आवेदकहरूले आफ्ना घरको माध्यामिक विद्यालयको उपस्थिति क्षेत्रबाट उपलब्ध भएको आधा सिटहरूको सङ्ख्या भर्ने छन्। चिट्ठाको छनौट प्रक्रियाका दौडान विद्यार्थीहरूलाई थिमका कर्मचारी, थिम विद्यालयहरूमा भर्ना भएका विद्यार्थीको दाजुभाइ दिदीबहिनी, थिमका अघिल्ला विद्यार्थीहरू र साधारण आवेदकहरू गरेर चार समूहहरूमा राखिनेछ। थिम र साधारण समूहको खाली सिट सहभागी माध्यामिक विद्यालयहरू बीच वितरण गरिन्छ। अमिल्दो सिट संख्या उपलब्ध भएमा; स्थानसम्बन्धी बाधा वा उच्चतम भर्नाका कारण सबैभन्दा धेरै राहत चाहिने विद्यालयहरूको आधारमा बाँकी रहेका सिटहरू वितरण गरिनेछन्। आवेदनको सङ्ख्या थिम स्कूलको कुनै पनि वा सबै ग्रेड तहको फिडर स्कूलको खाली सिटको अनुमानित सङ्ख्या भन्दा बढी भएमा एउटा स्वचालित चिट्ठा/छनौट प्रक्रिया सञ्चालन गरिनेछ।

**प्रतिक्षा सूची**
एकपटक सबै सिटहरू पूरा भएपछि, स्वचालित छनौट प्रक्रियाका दौडान भर्नाका लागि छनौट नगरिएका बाँकी आवेदकहरूलाई स्वचालित छनौट प्रक्रियाका दौडान जुन क्रममा छनौट गरिएको हो त्यही क्रममा प्रतिक्षा सूचीमा राखिनेछ। चिट्ठा सञ्चालन गरिसकेपछि अतिरिक्त सिटहरू उपलब्ध भएको खण्डमा, उक्त सिटहरूमा निर्धारित प्रतिक्षा सूचीका (ग्रेड स्तर अनुसार, फिडर स्कूल अनुसार) आवेदकहरूलाई भर्ना गरिनेछ। यो प्रतिक्षा सूची थिम स्कूलको स्वचालित चिट्ठा/छनौट प्रक्रिया भएको मिति देखि अगस्त **31, 2021 सम्म लागू हुनेछ।** प्रतिक्षा सूची विद्यालय रोजाइ कार्यक्रमको कार्यालयमा राखिनेछ। **अगस्त 31, 2021** पछि विद्यार्थीहरूको भर्ना लिइने छैन। **यद्यपि, Georgia को प्रि-किन्डरगार्टन कार्यक्रमसम्बन्धी राज्यको निर्देशिका अनुसार प्रतिक्षा सूचीमा रहेका प्रि-किन्डरगार्टनका आवेदकहरूलाई सिट उपलब्ध भएसँगै वर्षभरि नै भर्ना गरिनेछ।**

**सूचना प्रक्रिया**
थिम स्कूलको चिट्ठामा चयन भएका आवेदकहरूलाई सूचना पठाइनेछ। यो सूचनाले आमाबुवाहरूलाई छनौट पूरा गर्न आवश्यक पर्ने प्रक्रियाहरूका बारेमा सूचित गर्नेछ। आमाबाबु/अभिभावकहरू कुनै पनि कारणले भर्ना प्रक्रिया पूरा गर्न असक्षम हुनु भएमा बच्चाको नाम कक्षाको सूचीबाट हटाइनेछ। निम्न निर्देशिकाहरू विद्यालय छनौट कार्यक्रममा उपस्थित हुन चयन गरिएका सबै विद्यार्थीहरूका लागि लागू हुनेछ।

⇒ विद्यार्थीले आफूले आवेदन दिएको ग्रेड तहको भर्ना हुने मापदण्ड पूरा गरेका छैनन् भने विद्यार्थीको भर्ना अस्वीकार गरिनेछ। प्रतिक्षा सूचीमा रहेका अर्को योग्य आवेदकलाई सिट प्रदान गरिनेछ।

⇒ भर्ना सुनिश्चित गर्न विद्यार्थीहरूले निर्दिष्ट गरिएको थिम स्कूलको पहिलो दिन विद्यालयमा अनिवार्य रूपमा उपस्थिति हुनुपर्छ। खाली सिटहरूलाई प्रतिक्षा सूचीबाट भरिनेछ।

⇒ **अगस्त 31, 2021** पछि नयाँ विद्यार्थीहरूलाई भर्ना गरिने छैन। चयन नभएका विद्यार्थीहरूले विद्यालय वर्ष 2020 - 2021 को लागि पुन: आवेदन दिन सक्छन्। **Georgia को प्रि-किन्डरगार्टन कार्यक्रमसम्बन्धी राज्यको निर्देशिका अनुसार प्रतिक्षा सूचीमा रहेका प्रि-किन्डरगार्टनका आवेदकहरूलाई सिट उपलब्ध भएसँगै वर्षभरि नै भर्ना गरिनेछ।** प्रतिक्षा सूचीमा रहेका विद्यार्थीहरूले एउटा सूचना प्राप्त गर्ने छन् जसमा **2021 - 2022** को स्वचालित चिट्ठा छनौट प्रक्रियामा उनीहरूले पाएको प्रतिक्षा सूची सङ्ख्या हुन्छ। अनलाइन आवेदकहरूले विद्यालय छनौट कार्यक्रमका अनलाइन खातामा लग इन गरेर आफ्नो प्रतिक्षा सूचीको अवस्था हेर्न सक्नुहुन्छ।

⇒ छनौट भएका आवेदकहरूले कार्यक्रममा दर्ता गर्ने अन्तिम मिति भित्र भर्नाको प्रस्ताव स्वीकार वा अस्वीकार गर्नु पर्दछ।

# अस्वीकारोक्ति

DeKalb County School District (DCSD) ले नियम, नीति, प्रक्रिया, कार्यक्रमसम्बन्धी निर्देशिका, डाटा, पाठ्यक्रम र कोर्सहरू लगायतका कुरासँग सम्बन्धित यो प्रकाशनमा भएको कुनै पनि विवरण परिवर्तन गर्न पाउने अधिकार आफूसँग सुरक्षित राखेको छ।

DCSD सँग अप्रत्याशित परिस्थितिहरूका कारण विद्यार्थीलाई कुनै पनि विद्यालय छनौट कार्यक्रममा राख्न पाउने अधिकार हुन्छ।

आमाबुवा र विद्यार्थीहरू यो ब्रोसर पढ्न विफल भएमा उनीहरूले यसमा वर्णन गरिएका नियम तथा आवश्यकताहरूमा छूट पाउनु हुने छैन।

DeKalb County Board of Education का शैक्षिक कार्यक्रमहरू, क्रियाकलापहरू वा रोजगार अभ्यासहरूमा उमेर, लिङ्ग, जाति, रङ, धर्म, राष्ट्रिय मूल, असक्षमता वा अपाङ्गताको आधारमा भेदभाव नगर्नु यसको नीति हो।

DeKalb County
School District